बागमती प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

हेटौँडा, नेपाल।

प.सं.
च.नं. ४२

मितिः २०८३/०४/०८

श्री सबै मन्त्रालय/सचिवालय/निकाय
बागमती प्रदेश।

विषयः उप समितिको गठन गरिएको सम्बन्धमा।

उपरोक्त विषयमा गत भाद्र २३ र २४ गतेको आन्दोलनको क्रममा आगजनीबाट जलेका वा चोरिएका वा तोडफोड भएका वा हराएका सामानहरू मिनाहाको सिफारिसको लागि प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम १०४ बमोजिम श्रीमान् प्रमुख सचिवज्यूको संयोजकत्वमा गठित समितिमा सिफारिसका लागि लेखी आउने गरेकोमा कतिपय निकायबाट अधुरो विवरण आउने गरेको र कतिपय अवस्थामा मिनाहा गर्न प्रस्तावित सामाग्री र स्थलगत भौतिक अवलोकन/निरीक्षण गरी हेर्नुपर्ने अवस्था समेत देखिएकोले माथि उल्लेखित समितिमा पेस गर्नु पूर्व सामानको भौतिक अवस्था, प्रहरी मुचुल्का एवम् अभिलेख समेत भिडान गरी मिनाहा गर्न मिल्ने/नमिल्ने सम्बन्धमा एकिन राय सहित सिफारिस पेस गर्न देहाय बमोजिमको उप समिति गठन गरिएको छः-

गठित समिति

प्रदेश लेखा नियन्त्रक	-	संयोजक
सि.डि.ई. भौतिक पूर्वाधार विकास मन्त्रालय	-	सदस्य
प्रशासन महाशाखा प्रमुख (सम्बन्धित मन्त्रालय/निकाय)	-	सदस्य
प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	-	सदस्य
प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय	-	सदस्य
सम्बन्धित मन्त्रालय/निकायको जिन्सी प्रमुख	-	सदस्य सचिव

अतः सम्बन्धित मन्त्रालय/निकायले माथि उल्लेखित उप समिति संग सम्पर्क/समन्वय गरी उक्त उप समितिको सिफारिस सहित समितिमा पठाउनु हुन समेत प्रमुख सचिवस्तरको मिति २०८३/०४/०८ को निर्णयानुसार अनुरोध छ।

बोधार्थः-

श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेशः- यस बमोजिमको समितिमा एक जना अधिकृत प्रतिनिधि खटाईदिने व्यवस्था हुन।
श्री भौतिक पूर्वाधार विकास मन्त्रालयः-यस बमोजिमको समितिमा एक जना सि.डि.ई खटाईदिने व्यवस्था हुन।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश।
श्री प्रदेश लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेशः यस बमोजिमक समितिको संयोजक भई कार्य सम्पादन गर्नुहुन।
श्री सूचना तथा सञ्चार समन्वय शाखाः यस कार्यालयको वेबसाइटमा अपलोड गरिदिनुहुन।

०२३।४।८

(गोविन्द पुरी)
उपसचिव